पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. : २०७७/०७८
चलानी नं./Ref. No. : ०६ (कृ.)

मिति :२०७७/०५/१०

श्री वडाहरु सवै,
पूर्वखोला गाउँपालिका पाल्या ।

**विषय :कृषिकर्मी रोजगारी कार्यकम सम्वन्धमा ।**

प्रस्तुत विषयमा कृषि क्षेत्रमा व्यवसायिक रुपमा कृषि उद्यम तथा पशुपन्छी व्यवसायमा संलग्न कृषि उद्यमी,समुह,सहकारी तथा व्यवसायीहरुलाई कृषि श्रमिक परिचालन गर्नको लागि प्रदेश नं.५,भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय मार्फत प्रदेश सरकारले सहयोग उपलब्ध गराउन कृषिकर्मी रोजगार कार्यकम कार्यविधि,२०७७ जारी गरेको छ ।सो कार्यकम संचालनको लागि यस पूर्वखोला गाउँपालिका भित्र कार्यविधि अनुसार कृषि श्रमिक परिचालनको लागि कार्यविधिको अनुसुची–३ बमोजिमको न्युनतम मापदण्ड पुगेका कृषि उद्यमी तथा पशुपन्छी व्यवसायमा संलग्न इच्छुक रोजगार दाताहरुलाई मिति २०७७/०५/२५ गते भित्रमा यस पूर्वखोला गाउँपालिकाको कृषि/पशु शाखामा सम्पर्क गर्नुहुन सम्वन्धित सवैमा जानकारीका लागि अनुरोध छ ।

**तपसिल:**

१. अनुसुची–३ बमोजिमको कृषिकर्मी रोजगार कार्यकम अर्न्तगत आवश्यक न्यूनतम मापदण्ड

तयार गर्ने
सन्तोष कंडेल
कृषि शाखा प्रमुख
कृषि शाखा प्रमुख

प्रमाणित गर्ने
ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**नोट : थप जानकारीका लागि पशु शाखा प्रमुख धनवहादुर दर्लामी –९८४४७५६६८४,कृषि शाखा प्रमुख सन्तोष कंडेल–९८६७५५०९३० मा सम्पर्क गरि जानकारी लिन सकिने छ ।**

## अनुसूची-३

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**कृषिकर्मी रोजगारी कार्यक्रम अन्तर्गत आवश्यक न्यूनतम मापदण्ड**

| क्र.सं. | व्यवसायको प्रकृति | इकाई | न्यूनतम मापदण्ड | थप | रोजगारी सङ्ख्या (व्यक्ति) |
|---|---|---|---|---|---|
| १ | गाई/भैसी/बङ्गुर | संख्या | २० | थप प्रति २० वटा पशु संख्यालाई १ जनाका दरले थप हुने | २ देखि १० जना सम्म |
| २ | भेडा/बाख्रा | संख्या | ४० | थप प्रति ३० वटा पशु संख्यालाई १ जनाका दरले थप हुने | २ देखि १० जना सम्म |
| ३ | कुखुरा (लेयर्स वा स्थानीय) | संख्या | ४००० | थप प्रति २००० वटालाई १ जनाका दरले थप हुने | २ देखि १० जना सम्म |
| ४ | माछापालन | क्षेत्रफल | पहाडमा २० रोपनी तराईमा २ हेक्टर | पहाडमा थप प्रति २० रोपनी र तराईको लागि थप प्रति २ हेक्टर १ जनाका दरले थप हुने | २ देखि १० जना सम्म |
| ५ | खाद्यान्न, तरकारी, पुष्प खेती र बीउ उत्पादन | क्षेत्रफल | २० रोपनी (पहाडमा) २ हेक्टर (तराईमा) (वर्षभरी बढीमा ३ बालीसम्म खेति गर्नु पर्ने). | थप प्रति १० रोपनी पहाडमा र थप प्रति १ हेक्टर तराईको लागि १ जनाका दरले थप हुने | २ देखि १० जना सम्म |
| ६ | फलफुल | क्षेत्रफल | ३० रोपनी (पहाडमा) ३ हेक्टर (तराईमा) | थप प्रति २० रोपनी पहाडमा र थप प्रति २ हेक्टर तराईको लागि १ जनाका दरले थप हुने | २ देखि १० जना सम्म |
| ७ | नर्सरी सबै | क्षेत्रफल | १० रोपनी पहाडमा १ हेक्टर तराईमा | थप प्रति ५ रोपनी पहाडमा र थप प्रति .५ हेक्टर तराईको लागि १ जनाका | २ देखि १० जना सम्म |

कृषि शाखा प्रमुख

| क्र.सं. | व्यवसायको प्रकृति | इकाई | न्यूनतम मापदण्ड | थप | रोजगारी सङ्ख्या (व्यक्ति) |
|---|---|---|---|---|---|
| | | | | दरले थप हुने | |
| ८ | मौरी, रेशम किरा, च्याउ खेति, आदिको उत्पादन | कृषि व्यवसायको प्रकृति अनुसार व्यवसायिक योजनाको आधारमा मापदण्ड स्वीकृत गरिने | | | २ देखि १० जना सम्म |
| ९ | एकिकृत कृषि फार्म | कृषि तथा पशुपन्छी क्षेत्रको प्रकृति अनुसार व्यवसायिक योजनाको आधारमा मापदण्ड | | | २ देखि १५ जना सम्म |

नोट :

- गाई भैंसी वंगुर भेडा बाखा र कुखुराको हकमा संख्या भन्नाले माउ पशुपन्छीको संख्या जनाउँछ।
- न्यूनतम मापदण्ड पुगेका कृषि उद्यमीले २ जनासम्म कृषिकर्मी राख्न सक्नेछ।

कृषि शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत